मिति २०७६।०९।२५
४४ औं बैठक

आज मिति २०७६।०९।२५ गते शुक्रबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | ठुलीकान्छी |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | राजन |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

निर्णय नं. १.

खेलमैदान निर्माण गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका स्थित वडा नं ६ मा बुस्ती शिवालय युवा क्लब खेलमैदान र वडा नं. २ स्थित वेटीखोला लामिडाँडा खेलमैदान निमार्ण गर्न सोही वडाको सिफारिस बमोजिम तोकिएको स्थानमा खेलमैदान निर्माण गर्न सार्वजनिक निर्माण कार्यान्वयन इकाई, भैसेपाटी, काभ्रेपलाञ्चोकमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.२

यस गाउँपालिकाको केन्द्र (प्रशासनिक भवन) रहेको स्थान बजार स्थल बाट टाढा रहेको हुदाँ सुरक्षाको दृष्टिकोणबाट संवेदनशिल भएको हुदाँ उक्त स्थानमा प्रहरी बिट स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.३

यस कार्यालयको गाई भैंसी तथा बाख्रा प्रवर्द्धन अनुदान कार्यक्रमको सूचना बमोजिम २ माउ गाई भैंसी तथा १५ वटा बाख्राको माउ भएका कृषकहरूलाई यस आ.व. मा जनही कृषक रू १०,०००।- (अक्षरेपी रू दश हजार) अनुदान दिने र सो अनुदान रकम भुक्तानी गर्दा प्राविधिक तथा वडा अध्यक्षको अनुगमन पश्चात सिफारिस बमोजिम भुक्तानी दिने निर्णय गरीयो ।

निर्णय नं.४

यस गाउँपालिकाको वडा नं. ५ स्थित देउराली डाँडामा शान्तिपार्क स्थापना गर्ने र शान्तिपार्क निर्माण साझेदारी कार्यविधि २०७६ बमोजिम लागत साझेदारी र निर्माणका कार्य गर्ने प्रतिबद्धता सहितको सिफारिस आन्तरिक मामिला तथा कानुन मन्त्रालय, ३ नं. प्रदेश, हेटौंडा, मकवानपुरमा सिफारिस गरी पठाउने निर्णय गरीयो ।

निर्णय नं.५

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाण्डौको मिति २०७६।०८।०२ को सूचना बमोजिम तपसिलका समपुरक अनुदान तथा विशेष अनुदानका आयोजनाहरू माग गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. विशेष अनुदान तर्फ

- क) काडे, मार्बुटार छाप लिफ्ट सिंचाई आयोजना, वैतेश्वर-७ ।
- ख) बुद्ध पार्क मानेडाँडा आयोजना, वैतेश्वर-८ ।
- ग) मिर्गे सामुदायिक भवन मुलगाँडा आयोजना, वैतेश्वर-३ ।
- घ) कालिढुङ्गा मुलाबारी खरीस्वारा खानेपानी आयोजना, वैतेश्वर-२ ।

२. समपुरक अनुदान तर्फ गाउँपालिकाको प्रशासनिक भवन आयोजना, वैतेश्वर-६ ।

निर्णय नं.६

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको मिति २०७६।०९।२१ को सूचना बमोजिम गाउँपालिकाको आफ्नो केन्द्र जोडने एउटा सडक (मैनापोखरी, अस्पताल गेट, कालथोक, पाडुडाँडा) निर्माण गर्न प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.७

सामुदायिक स्वास्थ्य भवन वडा नं. २ र ५ को लागि प्राप्त भएकोमा वडा नं. २ को लागि सामुदायिक स्वास्थ्य भवन निर्माण सोही वडामा नै निर्माण गर्ने र वडा नं. ५ मा सामुदायिक स्वास्थ्य भवन बनाउन तोकिएकोमा उक्त स्थानमा गाउँपालिका स्तरीय अस्पताल रहेको र वडा नं. ७ मा कुनै पनि स्वास्थ्य संस्थाको भवन नरहेकोले आवश्यकताको आधारमा वडा नं. ७ मा स्वास्थ्य भवन बनाउने साथै सामुदायिक स्वास्थ्य भवनको निर्माण तथा सञ्चालन नभए सम्म सेवा करारमा छनौट भएका कर्मचारीलाई आवश्यकताको आधारमा यस गाउँपालिका विभिन्न स्वास्थ्य संस्था तथा अस्पताल वडा नं. ५ मा समेत कर्मचारी खटाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८

बुस्ती पुतलीकाठ सडक र मैनापोखरी क्षेत्रपा सडक निर्माणको लागि प्रदेश सरकारसँग समपुरकमा निर्माण गर्न निर्णय भएको यस गाउँपालिका बाट समपुरकमा १।१ करोड विनियोजन भएको, समपुरकबाट रकम प्राप्त भएमा सोही बमोजिम गर्ने र समपुरक अनुदान प्रदेश सरकारबाट प्राप्त नभएमा यस गाउँपालिकाबाट आगामी आ.व. मा बजेट विनियोजन गरी कार्य प्रक्रिया अगाडी बढाई बहुवर्षे ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई आवश्यकता अनुसार आ.व. २०७६।०७७ को मिति २०७७ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो । साथै यस गाउँ कार्यपालिकाको कार्यालयमा १ जना कर्मचारी ज्यालादारीमा दैनिक रू ३५० का दरले भुक्तानी हुने गरी १ जना ज्यालादारी बाट सेवा लिने निर्णय गरियो ।

निर्णय नं. १०

वैतेश्वर गाउँपालिका स्थित पशुपालक कृषकहरुले पाली आएका १० वटा वा सो भन्दा बढी बाख्रा र २ वा २ भन्दा बढी गाई, भैंसीहरू पाल्ने कृषकहरुको पशुहरुमा कृषकहरुले ब्यहोर्ने १ वर्षमा लाग्ने पशु बिमा महसुलको रकम गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्रथम पटक मिति २०७६।०९।२२ मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस वैतेश्वर गाउँपालिकाले निम्न ३ वटा आयोजना सिफारिस गरि पठाउने निर्णय गरियो ।

**तपसिलः**

क) वैतेश्वर गाउँपालिका स्तरिय अस्पताल भवन, वैतेश्वर वडा नं. ५ ।

ख) गैरीमुदी, उपल्लोमुदी, मिर्गे, पात्ले, पाडुँडाडाँ, नाम्दु सडक ।

ग) पाडुँडाडाँ, मेघेचौर, डाडाँगाउँ, ठोटनेरी, छाप्, क्षेत्रपा, यवो सडक ।